फोन/फ्याक्स नं. ०८६-४४००५६
फोन ०८६-४४०३३२
Email vethosrolpa@gmail.com
www.rolpa.vethos.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा

प.स.२०८०/८१
सूचना न. ०२

**प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक अनुदान ग्राहीको लागी प्रस्ताव आह्वान सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८०/०९/०५**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पाको आ.ब. २०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार दुध फुल माछा र मासुमा प्रतिफलमा आधारित अनुदान कार्यक्रम कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजीम संचालन गर्न ईच्छुक समुह/सहकारी/ निजि व्यवसायी/उद्यमी/कम्पनीहरुलाई लक्षित गरि आजको मितिले ३० दिन भित्र (मिति २०८०/१०/०५ गते कार्यालय समय भित्र) कार्यालयमा रु १० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, कार्यक्रम संचालनको लागी आबश्यक न्यूनतम मापदण्ड, व्यावसायिक कार्ययोजना , संलग्न गर्नुपर्ने अन्य कागजातहरु र कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८० यस कार्यालयको वेबसाईट www.vethosrolpa.gov.np बाट प्राप्त गर्न सकिनेछ । अन्य जानकारीका लागी कार्यालयको सम्पर्क नं. ०८६-४४००५६ वा सूचना अधिकारीको सम्पर्क नं. ९८५७८७७०२६ मा सम्पर्क गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघेर प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिलः**

(कुल कार्यक्रम बजेट रु २० लाख)

| क्र. स. | बाली वस्तुको विवरण | आवेदनको किसिम | अनुदान दिने आधारहरु | प्रमाणित गर्ने आधारहरु | प्रोत्साहन अनुदान रकम रु. |
|---|---|---|---|---|---|
| १. | दुध उत्पादन | समुह/सहकारी/ कम्पनी/निजि व्यवसायी | ➤ गत आ.ब. को श्रावण महिना देखी असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>➤ समुह वा सहकारी वा कम्पनी वा निजि डेरी वा निजि उद्यमीले संस्थागत रुपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>➤ समुह वा सहकारी वा फार्म वा कम्पनी वा निजि उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रुपमा उत्पादनको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>➤ दुधको उत्पादन रेकर्ड वडा/स्थानिय थह/ जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनुपर्ने,<br>➤ पशु बीमा गरेका पशुपालक कृषकहरुलाई प्राथमिकता दिईने, प्राविधिक प्रतिवेदन जिल्ला स्थित बिषयगत कार्यालय वा स्थानिय तहवाट तयार भएको हुनुपर्ने, | ➤ आबेदकको संस्थागत अभिलेख<br>➤ जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानिय तहको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन<br>➤ सहकारीले आफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलकोनाम, ठेगाना र सम्पर्क नं. सहितको विवरण,<br>➤ कृषकले व्यवसायिवाट लिएको भुक्तानीको अभिलेख,<br>➤ सहकारी वा संस्थागत रुपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख,<br>➤ स्थायी लेखा नं. करचुक्ता कागजात, दुधको कारोवार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन | प्रति लिटर अधिकतम रु २।- (कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |



डा. शंकर न्यौपाने
कार्यालय प्रमुख

Scanned with CamScanner

फोन/फ्याक्स नं. ०८६-४४००५६
फोन ०८६-४४०३३२
Email:vethosrolpa@gmail.com
www.rolpa.vethos.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा

प.स.२०८०/८१
सूचना न. ०२

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ➢ प्रति समुह /सहकारी/कम्पनीले मासिक औषत कम्तिमा ७००० लिटर दुध उत्पादन तथा बिक्रि गरेको हुनु पर्ने,<br>➢ निजि फर्म वा कम्पनी वा निजि डेरी वा निजि उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | | |
| २. | माछा/मासु /अण्डा(बाखा/भेडा/ बंगुर/राँगा /माछा) उत्पादन | समुह/सहकारी/ कम्पनी/निजि व्यवसायी | ➢ गत आ.ब. २०७९/८० मा उत्पादन तथा बिक्री गरेको खसी/बोका/भेडा/बंगुर/राँगा/अण्डा तथा माछा मासुको कारोबारको अभिलेख पेश गर्नु पर्ने,<br>➢ समुह वा सहकारी वा निजि उद्यमिले जिउँदो मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रुपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनुपर्ने,<br>➢ बार्षिक अवधीमा बिक्री गरेको खसी/बोका/भेडा/बंगुर/राँगा/माछा /अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरुवाट खरिद गरेको अभिलेख हुनु पर्ने,<br>➢ मासु/माछा/अण्डैको उत्पादन रेकर्ड वडा/स्थानिय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्रतिनिधिले प्रमाणित गरेको हुनुपर्ने। पशु बिमा गरेका पशु पालक कृषकहरुलाई प्राथमिकता दिईने,<br>➢ खसी/बोका/भेडाको हकमा समुह/सहकारीवाट १०० वा बंगुरको हकमा प्रति समुह/सहकारी प्रति बर्ष ४० वा राँगाको हकमा प्रति समुह/सहकारी प्रति बर्ष कम्तीमा २० गोटाको कारोवार गरेको हुनुपर्ने।<br>➢ निजिको हकमा खसी/बोका ५० वा रागा २० वा बंगुर २५ गोटा प्रति | ➢ आबेदकको संस्थागत अभिलेख।<br>➢ सम्बन्धित वडा वा स्थानियतह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन।<br>➢ बिमा गरिएको भए बिमा लेख।<br>➢ आबेदकको खरिदबिक्री अभिलेख।<br>➢ थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम ठेगाना र सम्पर्क नम्बर सहितको विवरण<br>➢ कृषकले ब्यवसायवाट लिएको भुक्तानीको अभिलेख।<br>➢ संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>➢ स्थायी लेखा नम्बर<br>➢ संस्था वा कम्पनीको हकमा कर चुक्ता प्रमाण।<br>➢ कारोवार खुल्ने वार्षिक लेखापरिक्षण प्रतिवेदन। | प्रति किलो ग्राम अधिकतम जिउँदो खसी/बोका/भेडा को हकमा रु २५ का दरले, जिउँदो रागोको हकमा रु १५ का दरले, जिउँदो बंगुरको हकमा रु १५ का दरले, माछाको हकमा रु १५ का दरले, अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले। (कृषकलाई बैंक मार्फत भुक्तानी हुने छ ।) |

प्रदेश सरकारको सोच समृद्ध प्रदेशः खुसी जनता

डा. शंकर न्यौपाने
कार्यालय प्रमुख

फोन/फ्याक्स नं. ०८६-४४००५६
फोन ०८६-४४०३३२
Email:vethosrolpa@gmail.com
www.rolpa.vethos.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा

प.स.२०८०/८१
सूचना न. ०२

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बर्ष वा माछा मे.ट. प्रति बर्ष बिक्री कारोवार गरेको हुनुपर्ने र सहकारीको हकमा १० मे.ट. माछाको बार्षिक कारोवार गरेको हुनुपर्ने ।<br>➤ अण्डा उत्पादन मासिक न्यूनतम १०००० गोटा उत्पादन हुनुपर्ने । | | |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन ( अनुसूचि - ३६ बमोजिम )
२. दर्ता/ नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/नीजि फर्म/कम्पनी/सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र, गत आर्थिक बर्षको लेखा परिक्षण तथा कर चुक्ता प्रमाण-पत्र ।
४. निजि फर्म तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको को प्रतिलिपि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची - ३८ बमोजिम )
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
६. अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि साथै दोहोरो अनुदान नलिएको स्व घोषणा ( अनुसूची ४२ बमोजिम)

डा.शंकर न्यौपाने
कार्यालय प्रमुख

डा. शंकर न्यौपाने
कार्यालय प्रमुख



Scanned with CamScanner